

# रुकुमका लोकप्रिय जात्राहरु

– देवकुमारी ओली
मुसीकोट-४, रुकुम (पश्चिम)

जान्ने भएदेखि नै म मेला भन्नेबित्तिकै हुरुक्कै हुन्थेँ । म जन्मेको गाउँ सोलाबाङको वरिपरि समय समयमा थुप्रै जात्राहरू लाग्दथे । ती सबै जात्राहरू हेर्न जान पाए हुन्थ्यो भन्ने लाग्दथ्यो । मेरा दाजुभाइहरू प्रायशः सबै जात्रामा जाने गर्दथे, तर छोरीहरूलाई भने जात्रा जान रोकटोक हुन्थ्यो । जिद्दी गरेरै भए पनि आमाहरूसँग कुनै जात्रामा जान पनि पाइन्थ्यो र मेलाको भरपूर मनोरञ्जन लिइन्थ्यो । धेरैजसो जात्रामा जान नपाए पनि जात्रा जाँदै गरेका र जात्राबाट फर्कँदै गरेका जत्रेल्नाहरूलाई हेर्न गाउँको सरबाटोको छेउछाउमा पुग्दथ्याैँ । नयाँ नयाँ लुगाहरू विभिन्न प्रकारले लगाएका जत्रेल्नाहरू, फलफूल खासगरी सुन्तला, बेलाइँती, गन्जी (सखरखण्ड), बदमका भारी बोकेका मान्छेहरू, सिठ्ठी फुक्दै फुरुक्फुरुक उफ्रँदै हिड्ने बच्चाहरू, झ्याली मादल ठोक्दै गीत गाउँदै नौलो पहिरनमा सिँगारिएका नचारुहरू देख्दा मनै चङ्गा हुन्थ्यो । जात्रा गएकाले फर्कँदा फलफूल वा मिठाई ल्याएर आउँथे । जात्राबाट ल्याएका चिजबिज निकै मिठो लाग्थ्यो ।

उमेर घर्किंदै गएपछि मैले बल्ल पढ्न पाएकी थिएँ । पढ्न जान्ने भएपछि सबैभन्दा बढी नेपाली संस्कृति र आफ्नै संस्कृतिको बारेमा जानकारी लिने चाख लाग्दै गयो । पढ्दै जाँदा थाहा भयो, नेपालमा अनेकौँ जात, जाति रहेछन् र तिनीहरूको भिन्न भिन्न भाषा, धर्म, संस्कृति हुँदो रहेछ । ती विविध संस्कृतिका मान्छेहरूका आआफ्नै प्रकारका चाड पर्व र मेलाहरू हुँदा रहेछन् । विभिन्न मानिसहरूका विभिन्न मेला र चाड पर्वहरूले सांस्कृतिक पक्षलाई झल्काउँदै पछिसम्म जोगाई राख्दो रहेछ ।

जात्रामा टाढा टाढाका आफन्तहरूसँग भेटघाट हुन्छ । सुखदुःख र मायाप्रेमको आदानप्रदान हुन्छ । हाम्रो गाउँतिर भेटघाट गर्ने स्थान तोक्नुलाई ठगान राख्नु भनिन्थ्यो । जात्राहरू यस्तै ठगान राखिने केन्द्रहरू पनि हुन्थे । मेलामा विभिन्न संस्कृतिको झलक पाइन्छ । सेरेङ्नाच, सिँगारुनाच, पैँसेरुनाच, रुकुमका मौलिक नाचहरू हुन् । गाउँठाउँका यस्ता विभिन्न मौलिक नाचहरू जात्रामा देख्न पाइन्छ । विभिन्न प्रकारका स्थानीय फलफूलहरू तथा अन्य उत्पादन पनि रोजी रोजी खान वा जानकारी लिन पाइन्छ । रुकुममा लाग्ने ठूला मेलाहरूमा नेपालगन्ज, बर्दिया, सुर्खेत, दाङ, रोल्पा, प्युठान, सल्यान, जाजरकोट तथा डोल्पा जिल्लाबाट समेत जत्रेल्नाहरू आउँदछन् । रुकुमबाट विभिन्न पेशा व्यवसायको सिलसिलामा जिल्लाबाहिर वा मुलुकबाहिर रहेका मान्छेहरूणसमेत जात्राको अवसर पारेर फर्कने चलन छ ।

रुकुम विविध सांस्कृतिक सम्पदाले सम्पन्न जिल्ला हो । प्रायः गरी मगर जातिको बसोबास भएको कारण यहाँको अधिकांश मेलाहरू मगर संस्कृतिसँग मिल्दाजुल्दा छन् । अन्यत्र कतै पनि नपाइने मेला, पर्व, चालचलन रुकुममा पाइन्छन् ।

अधिकांश ठाउँमा मेला लाग्नुको मुख्य कारण धार्मिक परिवेश हुने गरेको हुन्छ । देवी देवताको पूजा तथा आफ्नो कुलको पूजाआजा कुनै निश्चित तिथिमा पर्ने हुँदा त्यही तिथिमा मानिसहरूको जमघट हुन्छ र त्यो जमघटले मेलाको रूप धारण गर्दछ । मठ मन्दिरमा पुगेर वर मागिन्छ, मागेको कुरा पूरा भएमा भाकलस्वरूप

भेटी लिएर मन्दिर पुगिन्छ । कसैले पशुवली पनि चढाउँछन् । रुकुमको डिग्रे मन्दिरसँग गरेको कामना पूरा हुने विश्वास गरिन्छ । व्रत बसेर पुजाइ स्थल वा मठ मन्दिरमा पुगी पूजाआजा गरिन्छ र व्रत सकिएपछि मिठोमसिनो खाने चलन हुन्छ । यस्ता शक्तिपिठहरूमा  भक्तजनहरूको घुइँचो लाग्ने गर्दछ । मेलाहरूमा विभिन्न मनोरन्जनात्मक क्रियाकलापहरू हुने भएकोले हेर्नको लागि पनि मान्छेहरू आसपासका ठाउँहरूबाट ओइरिन्छन् । नयाँ अन्न प्रयोग गर्दा पनि मेला लाग्दछ भने हिजोआज भलिबल, छेलोजस्ता विभिन्न खेलकुद प्रतियोगिता सञ्चालनार्थ पनि मेला लाग्न थालेका छन् । मेलामा रमाइलो गर्ने, मिठो खाने र राम्रो लगाउने वा देखाउने हेतुले पनि मेला भर्न जाने गरिन्छ ।

रुकुमका गाउँठाउँमा वर्षैभरि सयौँ सानाठूला जात्राहरू लाग्दछन् । यहाँ ती सबै जात्राको उल्लेख गर्न सम्भव नभएकोले मुख्यमुख्य मेलाहरूको चर्चा गरिन्छः

## रुकुम (पूर्व) मा लाग्ने केही मेलाहरूको सङ्क्षिप्त जानकारीः

| मेला | स्थान | लाग्ने समय/ तिथि | मेला चल्ने अवधि | मुख्य आकर्षण |
|---|---|---|---|---|
| नाथिगाड मेला | नाथिगाड | कार्तिक शुक्ल पंचमी | २ दिन | स्थानीय मौलिक नाचहरूजस्तैः मयुरनाच, पैसरी, लहरे, सिँगारु, टप्पा, सोरठीनाच, झाम्रे, चट्केनाच, सङ्गीत, खेलकुद र विभिन्न प्रकारका आदिवासी सांस्कृतिक प्रदर्शनीहरू हेर्न सकिने |
| पाँचपुनी मेला | रुकुमकोट र काँक्री | आश्विन पूर्णिमा | १ दिन | स्थानीय मौलिक नाचहरू जस्तैः मयुरनाच, पैसरी, लहरे, सिँगारु, टप्पा, सोरठीनाच, झाम्रे, चट्केनाच, सङ्गीत, खेलकुद र विभिन्न प्रकारका आदिवासी सांस्कृतिक प्रदर्शनीहरू हेर्न सकिने, स्थानीय परिकार तथा फलफूलको किनबेच हुने, दशैँको समापन उत्सवको रूपमा मनाइने |
| तकसेरा मेला | तकसेरा | चैते दशैं, | ३ देखि ४ दिन | स्थानीय मौलिक नाचहरू, सङ्गीत, खेलकुद, र विभिन्न प्रकारका आदिवासी सांस्कृतिक प्रदर्शनीहरू हेर्न सकिने |
| सेरावालुवा मेला | तकसेरा | साउने संक्रान्ती | ३ देखि ४ दिन | २०५२ सालदेखि विभिन्न खेल प्रतियोगिता हुने<br>रुकुम जिल्लामै महिला भलिबल खेल प्रतियोगिताको सुरूवात भएको ।<br>ठूलो धनराशिको भलिबल प्रतियोगिता सञ्चालन हुनु, तकसेरासँग बागलुङको भुजीखोला र निसीखोलासँग सांस्कृतिक सम्बन्ध । |
| दोमाई मेला | महत, दोमाई खोला | फागुन, | १ महिना | स्थानीय मौलिक नाचहरू, सङ्गीत, खेलकुद, र विभिन्न प्रकारका आदिवासी सांस्कृतिक प्रदर्शनीहरू हेर्न सकिने |
| देवाली मेला | चुनबाङ | मार्ग औँसीदेखि पञ्चमीसम्म | ६ दिन | औँशीको साँझ जागनको पूजापाठ गरेर सुरू भई पञ्चमीको साँझ बोका बलि चढाएपछि मेला सम्पन्न हुन्छ । मेला सम्पन्न नहुँदासम्म नुनजन्य खानेकुरा घरभित्र पकाउने र खाने गरिँदैन । देवाली खस पृष्ठभूमिका बाहुन/क्षेत्रीहरूले गर्ने मष्टो देवताको पूजा हो । धामीलाई मष्टोले भेटेपछि धामी काम्ने र बक्ने गर्छ । कुलदेवतालाई बोकाको भोग दिइएपछि धामीले रगत ग्रहण गर्दछ । |

| | | | | |
|---|---|---|---|---|
| भुमेनाच र पूजा | १८ मगरात क्षेत्र (रोल्पा/ रुकुमको मगर बाहुल्य क्षेत्र) | असारको पहिलो सातादेखि | १ महिना | मगरहरू प्रकृति-पूजक भएकाले भूमिलाई भेडा, कुखुरा र सुंगुरको बलि चढाएर बलपूजा गरिन्छ । किसानहरूले अन्न बाली थन्क्याएपछि, आगामी वर्ष राम्रो फसल लागोस्, सबै निरोगी होउन्, समाजमा शान्ति र सद्भाव छाओस् एवं प्राकृतिक प्रकोपबाट बचियोस् भन्ने कामनाका साथ भूमिको पूजा गरिने र सो अवसरमा परम्परागत भेषभूषामा भुमेनाच नाचिने/मेला लाग्ने |
| झाँक्री मेला | भुमे-१, लुकुम, | साउन पहिलो साता (साउन १ र २ बाहेक सोम, मंगल र शनिबारमध्ये कुनै दिन) | | धुपी सल्ला भएको ठाउँमा गाउँभरका ३०-४० जना अनुहारमा मोसो दलेका, झाँक्री बस्त्र पहिरिएका रौद्र रूप धारण गरेका तान्त्रिक/झाँक्रीहरू भेला हुन्छन् झाँक्रीका युवा सहयोगी अर्थात् चेलालाई भान्जा भन्ने चलन छ । यिनै भान्जा पछि गएर झाँक्री बन्छन्। पाहुनालाई सिस्नोले पोलेर स्वागत गरिन्छ । |
| बलपूजा मेला | काँडा, साकीम, | आषाढ संक्रान्ती देखि साउने संक्रान्ती | १ महिना | वराहलाई बल दिई बलपूजा गरिने । स्थानीय मौलिक नाचहरू जस्तैः मयुरनाच, पैसरी, लहरे, सिँगारु, टप्पा, सोरठीनाच, झाम्रे, चट्केनाच, सङ्गीत, खेलकुद र विभिन्न प्रकारका आदिवासी सांस्कृतिक प्रदर्शनीहरू हेर्न सकिने |
| तातोपानी मेला | सिस्ने-ं४, तातोपानी | | | सदाभर पानी तातो भइरहने । चर्म रोग सम्वन्धी उपचार हुने गरेको, स्थानीय मेला लाग्ने । |
| विन्धवासिनी मेला | सिस्ने-६, छिप्रीदह | बडा दशैंको दिन | १ दिन | बिन्ध्यवासिनी मन्दिरमा भगवतीको पूजाआराधना गरी पूजापाठ गरिन्छ । सिँगारु र पैँसेरुनाच नाचिन्छ । |
| शिवजी मन्दिर मेला | सिस्ने-५ | बडा दशैं, शिवरात्री र तीजमा | पर्वका दिनमा | शिवजीको पूजाआराधना गरी पूजापाठ गरिने र सो अवसरमा मेला लागी नाचगान हुने । |
| खँसरबाङ मेला | हुकाम, खँसरबाङ चौर | साउने संक्रान्ति | १ दिन | आकर्षक रानी सल्लाको जङ्गलबिचमा अवस्थित परम्परागत लोकसांस्कृतिक मनोरञ्जन |
| क्यूबाङ मेला | पुथा उत्तरगङ्गा, क्युबाङ | वैशाख पूर्णिमा बुद्धजयन्ती | १ दिन | वर्षेनि ७० देखि ८० वटाको भेडाको साँड बलि दिइने । रोल्पाको जलजला लेकको वराहलाई जेठा, बाग्लुङको ढोरपाटनको ढोरवराहलाई माइला र यहाँको सिद्धवराहलाई कान्छा वराह भन्ने गरिएको । |
| त्रिवेणी मेला | पुथा उत्तरगङ्गा-१४, त्रिवेणी | फागुन संक्रान्ति | १ दिन | उत्तरगङ्गा, सानीभेरी र राङ्सीखोलाको सङ्गमस्थल । तीर्थालुहरूले आफ्ना दिवंगत परिवारका सदस्यका नाममा सानीभेरीमा अस्तु बगाउँदछन् । |

**रुकुम (पश्चिम)मा लाग्ने केही मेलाहरूको सङ्क्षिप्त जानकारी**

| मेला | स्थान | लाग्ने समय/तिथि | मेला चल्ने अवधि | मेलाका मुख्य आकर्षण |
|---|---|---|---|---|
| डिग्रे मेला | थर्पू, मुसीकोट | कार्तिक शुक्ल एकादशीदेखि पूर्णिमासम्म | ५ दिन | धार्मिक: सत्य साईकुमारी भगवतीको दर्शन, पूजाआजा र भेटी वा बलि चढाउने, भाकल पूरा गर्ने,<br>सांस्कृतिक: विभिन्न मौलिक सांस्कृतिक झलक तथा नाचहरू (मयुरनाच, पैसरी, लहरे, सिँगारु, टप्पा, सोरठीनाच, झाम्रे, चट्केनाच) देखाइने<br>सगाल पस्ने: पूर्णिमाको दिन मध्यान्हतिर एउटा अनौठो झाकी ल्याइन्छ । साँख गाउँका प्राय: युवा र अधबैँसेहरूको ठूलो समूह, लामालामा लठ्ठी, इयालाइयाँक्रा उठाएर हुलहुज्जत गर्दै दमाहासहित होहल्ला गर्दै सिटि फुक्दै मेला पस्छन् । यो दृश्य हेरेपछि मात्र मेला भरिएर मेलाको समापन हुन थाल्छ । |
| शंखपीपल मेला | विजयश्वरी हाइस्कुलसँगै, चौरजहारी | कार्तिक शुक्ल एकादशी र द्वादशी | २ दिन | चौरजहारीनिवासी शंकर उपाध्यायले यस ठाउँमा पीपलको रुख लगाएका र एकजना शंकर नामका साधु आई  आषाढ शुक्ल एकादसीको दिनदेखि कार्तिक शुक्ल एकादसीसम्म पूजाआजा गर्ने चलन बसालेकोले सोहीअनुसार अन्तिम दिनमा ठूलो मेला समेत लाग्ने गरेकोले शंकर पीपल मेलाको अपभ्रंश भई शंकपीपल मेला रहन गएको किंवदन्ती पाइन्छ । स्थानीय मौलिक नाचहरू, सङ्गीत, खेलकुद, र विभिन्न प्रकारका आदिवासी सांस्कृतिक प्रदर्शनीहरू हेर्न सकिने |
| पापिनी मेला | साँख मुसीकोट | मार्ग १५ गते, | १ दिन | प्रत्येक वर्ष माघ १ गतेदेखि साँख माथिगाउँको धर्मशालामा र साँख तलिगाउँको सिलिङ्गेको बुटानेर घर बनाएर क्याम्प खडा गरिन्छ जसमा विशेष गरी मगर समुदायका कुमारी युवतीहरू (जसलाई पापिनीको नाम दिइन्छ) र तिनका सहयोगीहरू राति बस्ने गर्दछन् । कुमारीलाई दुलाहा दुलहीको भेषमा शृङ्गार गरिन्छ र माघ १४ गते साँझ दुलाहा पक्ष दुलहीको क्याम्प राखिएको घरमा दुलही माग्न जान्छन् र विधिवत दुलही लिएर फर्किन्छन् । माघ १५ गतेको बिहान उज्यालो नहुँदै दुलाहा क्याम्पमा धुमधामसँग बिहे सम्पन्न गर्ने र दिनभरि नाचगान तथा भोज भतेर गर्ने गरिन्छ । पापिनीको नक्कली बिहे दुरुस्तै सक्कली बिहेजस्तै गरी सम्पन्न हुन्छ । यो बिहे हेर्नेको मेला लाग्छ ।<br>यस मेलामा सिस्नो खेल्ने र दन्ड जरिवाना गर्ने चलन पनि छ । |
| कुनाखेत मेला | बाँफिकोट-२, पीपल, कुनाखेत | मंशिर पूर्णिमा | २ दिन | नजिकै रहेको ब्रह्माको मन्दिरमा पूजाअर्चना हुने । परम्परागत सांस्कृतिक झाँकीहरू मयुरनाच, पैसरी, लहरे, सिँगारु आदि नाच देखाइने । पुरुष र महिला भलिबल र ब्याडमिन्टनलगायतका खेलकुद प्रतियोगिता हुने र बदाम, सुन्तला, जुलबी, भोगटे पाइने । |

| | | | | |
|---|---|---|---|---|
| वेलटापु मेला | सानीभेरी-३ बेलटापु | कार्तिक/मंसिर | २ दिन | स्थानीय मौलिक नाचहरू तथा महिला/पुरुष भलिबल, खुला ब्याडमिन्टन, फुटबल र स्लो बाइक रेसलगायत विविध खेलकुद प्रतिष्पर्धा हुने |
| पाँचपुनी मेला | मुसीकोटको वराहटाकुरा, चौरजहारीको टाटागाउँ, चौफा र कोटजहारी | आश्विन पूर्णिमा | १ दिन | दशैँको समापन उत्सवको रूपमा मनाइने । यस रातलाई कोजाग्रत भनिन्छ । सम्पन्नताकी देवी महालक्ष्मीको पूजा आराधना गरी राति जाग्राम बसेपछि समापन हुन्छ । स्थानीय तथा मौलिक नाचहरू देखाइने, स्थानीय परिकार तथा फलफूलको किनबेच हुने, |
| घोरनेटी मेला | त्रिवेणी, सम्रुतु | कार्तिक | १ दिन | मयुरनाच, पैसरी, लहरे, सिँगारु, टप्पा, सोरठीनाच, झाम्रे, चट्के जस्ता नाचहरू तथा बदाम, सुन्तला, जुलबी, पुरी र सेलरोटी पाइने |
| मौराखारा मेला | घेत्मा, सानीभेरी | बैशाख पूर्णिमा | १ दिन | म्याराथन प्रतियोगिता हुने । धावकहरूलाई माओवादी गुरिल्लाहरूले प्रयोग गर्ने गरेको कपडामा सजाएर दौडाउने गरिएको, सांस्कृतिक प्रदर्शनीहरू हुने |
| पनेरीचौर मेला | ठाराढुङ्गा, मुसीकोट | चैत्र पूर्णिमा | १ दिन | स्थानीय मौलिक नाचहरू जस्तैः मयुरनाच, पैसरी, लहरे, सिँगारु, टप्पा, सोरठीनाच, झाम्रे, चट्केनाच, सङ्गीत, खेलकुद र विभिन्न प्रकारका आदिवासी सांस्कृतिक प्रदर्शनीहरू हेर्न सकिने बदाम, जुलबी, केरा, आँप आदि फलपूल पाइने |
| राडीचौर मेला | आठविस डाडाँगाउ | कार्तिक दोस्रो साता | २ दिन | मेला सुरू गर्ने चन्द्रे बटालाका सन्तानलाई बाजागाजासहित बटाला गाउँबाट काँधमा राखेर राडीजिउला ल्याएर मेला सुरू गरिन्छ । स्थानीय मौलिक नाचहरू, सङ्गीत, खेलकुद, र विभिन्न प्रकारका सांस्कृतिक प्रदर्शनीहरू हेर्न सकिने, फलफूल तथा स्थानीय उत्पादनको व्यापार हुने । |
| भीन्चौर मेला | मग्मा घारीखोला | | २ दिन | स्थानीय मौलिक नाचहरू, सङ्गीत, खेलकुद, र विभिन्न प्रकारका आदिवासी सांस्कृतिक प्रदर्शनीहरू हेर्न सकिने |
| कासपोखरी मेला | काँसपोखरी, मुसीकोट | कार्तिक कृष्ण तृतीया | १ दिन | स्थानीय मौलिक नाचहरू नाचिने, बदाम, सुन्तला, जुलबी, भोगटे पाइने |
| बैरागी ठाँटी मेला | बैरागी ठाँटी मुसीकोट | महाअष्टमीको साँझ | १ रात | सिर्फ मनोरञ्जनको लागि । हाल लोप भैसकेको । |
| राँगा मेला | कोटडाँडा मुसीकोट | महानवमी | १ दिन | बलपूजा गर्ने, बलिको प्रसाद बाँडिने, विभिन्न खेलकुद र सांस्कृतिक भाँकीहरू प्रदर्शन हुने । |
| लाखे जात्रा | वराहटाकुरा, मुसीकोट | जनै पूर्णिमादेखि श्रीकृष्णजन्माष्टमीको भोलिपल्ट | ९ दिन | जनै पूर्णिमाको दिन कंसलाई कुखुरा भोग दिएर सुरू हुने यो जात्रा श्रीकृष्णजन्माष्टमीको भोलि पल्ट कंसलाई नै मारेर समापन गरिन्छ । कृष्णले क्रशलाई मार्न लखेटेको गीती नाटकजस्तो लाखेनाच देखाइने । |
| मौलाबोट मेला | रुँघा, त्रिवेणी, | बडानवमी, | १ दिन | कालिका भगवतीको मौलोमा राँगाको कसले मार हान्ने सम्बन्धी प्रतिस्पर्धा हुने, भलिबल, डोरी तान्ने, भाले जुधाई, घैटोफोरलगायतका खेलहरू हुने । बेलाइती (अम्बा) को व्यापार हुने । |

| | | | | |
|---|---|---|---|---|
| गैरीनेटा मेला | गैरीनेटा, त्रिवेणी | असोज कृष्ण पञ्चमी | १ दिन | चुनबाङ्ग र पाछाबाङ्गका समूह मेला भर्न आएपछि मात्र सम्पन्न हुने<br>स्थानीय मौलिक नाचहरूको प्रदर्शन तथा मनोरञ्जनात्मक खेलहरू हुने |
| त्रिवेणी मेला | सानोभेरी, रिम्ना | माघे सङ्क्रान्ति | १ दिन | सानीभेरी र ठुलीभेरीको सङ्गमस्थल रिम्ना दोभानको अवलोकन, रुकुम तथा जाजरकोटका तिर्थालुहरूले नबोलेर नुहाउने र कामना गर्ने |

उल्लिखित मेलाहरू बाहेक रुकुमका गाउँ गाउँमा बाह्रै महिना स्थानीय संस्कृति, इतिहास तथा भेषभूष झल्काउने अन्य थुप्रै मेलाहरू पनि चल्ने गर्दछन् । यी मेलाहरूको ऐतिहासिकता खोजी गरी संरक्षण गर्नुपर्ने टड्कारो आवश्यकता छ । पछिल्लो समयमा आएर विभिन्न सांस्कृतिक महोत्सव, व्यापारिक महोत्सव तथा धार्मिक महोत्सवले पनि मेलाको आकार ग्रहण गरिरहेका हुन्छन् तथापि त्यस्ता महोत्सवहरूमा स्थानीय संस्कृतिलाई जोगाउनेभन्दा पनि बढी आधुनिक संस्कृति भित्र्याउनेतिर लागिपरेको देखिन्छ ।

**मेलामा देखिएका नकारात्मक पक्षहरू**

मेलाको सांस्कृतिक पक्ष महत्त्वपूर्ण हुँदाहुँदै पनि यहाँ लाग्ने केही मेलाहरूका नकारात्मक पक्षहरू पनि छन् । मेला आफैमा नकारात्मक पक्ष नभई नकारात्मक सोचका मेलारुले गर्दा मेलालाई धमिल्याइदिन्छन् । जस्तो कि यहाँका केही मेलापर्वहरूमा मादक पदार्थको विक्रीवितरण र सेवन भएको पाइन्छ । मादक पदार्थकै कारण लडाइँ गडाहरू उत्पन्न भई मेलामा त्रासको वातावरण सिर्जना हुने र समाजमा विकृति फैलिएको पाइन्छ । केही मेलाहरू रातको समयमा लाग्ने हुनाले युवायुवतीहरूलाई कुलततिर डोऱ्याएको पनि देखिन्छ । मेलापर्वहरूमा राजनीतिकरण हुनु सांस्कृतिक सम्पदा सुरक्षाको सवालमा शोभनीय देखिँदैन । केही मेलामा देखिने ‘रक्छिने चलन’ पनि सभ्य समाजमा ग्राह्य मानिँदैन । रक्छिने विवाहमा युवतीलाई उनीहरूको इच्छा र भावनाविपरीत जबरजस्ती तानेर विवाह गर्न खोजिन्छ । केही अनैतिक मान्छेहरूले यस्ता मेलाको निहुँ पारेर घोर अनैतिक वा आपत्तिजनक कार्य गर्नु दु:खदायी पक्ष हो । केही मेलामा खुलेआम जुवातास वा ख्वारख्वारे खेलाउँदा समाजमा विसंगति फैलिने जोखिम हुन्छ । पहिलेपहिले रुकुममा मेलापर्व तथा विवाहहरूमा छोट्टी वस्ने प्रथा थियो । समाज विकास हुने क्रममा यस्ता गलत प्रथाहरू आफै हराउँदै गएकोले यस्ता प्रथामा आधारित केही मेलाहरू पनि हराउँदै गएका छन् । जस्तो: बैरागी ठाँटी मेला । मेलामा अनावश्यक राजनीतिक हस्तक्षेप हुने कारणले समेत केही मेला लोप हुँदै गएका छन् । गलत प्रवृत्ति तथा कुप्रथालाई राज्यले गैरकानुनी घोषणा गर्नुको साथै समाजले बहिष्कार गर्दै जानुपर्दछ । तर मौलिक संस्कृति झल्काउने मेला लोप हुनु चिन्ताको विषय हो ।

कुनै पनि मेलाहरू आफैमा नकारात्मक हुँदैनन् । मान्छेको नकारात्मक प्रवृत्तिको असर संस्कृतिमा पर्ने हो । नकारात्मक पक्षहरूलाई हटाएर सकारात्मक पक्षको संरक्षण गर्ने हो भने अन्य विकासको हिसाबले पछि परेको रुकुमलाई मौलिक मेलाहरूकै माध्यमले अगाडि बढाउन पनि सकिन्छ । मेलामा प्रदर्शन गरिने स्थानीय मौलिक नाचहरूले रुकुमको सांस्कृतिक सम्पदालाई जीवन्त राख्दछन् । मेलाबाट एकैचोटि स्थानीय संस्कृतिको व्यापक प्रचारप्रसार हुनजान्छ, फलत: स्थानीय पर्यटनको अभिवृद्धि हुन्छ । मेलामा हुने व्यापार व्यवसायबाट आर्थिक उपार्जन समेत हुन्छ । संस्कृतिका विद्यार्थीहरूलाई एकैठाउँमा विविध सांस्कृतिक पक्षको अवलोकन तथा अध्ययन गर्ने अवसर मिल्दछ । मेलाले आपसी वैमनस्यको अन्त्य गरी मेलमिलाप गराउने भूमिका पनि खेल्दछ । मेलाबाटै स्थानीयस्तरको समग्र सामाजिक विकासको अवस्था आँकलन गरी प्रभावकारी योजना तर्जुमा गर्न सकिन्छ । तसर्थ मौलिक संस्कृति झल्कने मेलाहरू बचाऔँ, रुकुम बचाऔँ ।

❑❑

 *यसु लेख पारिपट्टि, गाई मरेको सिनो स्याउली राखे ओइलाइजाला, औंठी राख चिनो ।।*